# मालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# अर्खवाङ्ग, गुल्मी
# लुम्बिनी प्रदेश, नेपाल।

# पहिलो बेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यविधि,२०८०

# पहिलो बेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यविधि,२०८०

## प्रस्तावना

देशमा जनसंख्या वृद्धि एवं शहरीकरणको साथै पोषणयुक्त पशुपंक्षीजन्य पदार्थको माग ब ढ्दै गइरहेको र माग अनुसार देशभित्रै उत्पादन एवं आपूर्ति हुन नसक्दा त्यस्ता पशुपंक्षीजन्य पदार्थहरु विदेशबाट समेत आयात भैरहेको छ । देशभित्र नै खास गरी दुध उत्पादन बढ़ाई आपुर्ति व्यवस्था मिलाउन अति आवश्यक भएको र राष्ट्रिय कृषि नीति २०६१ , कृषि व्यबसाय प्रवर्द्धन नीति २०६३, राष्ट्रिय दुग्ध विकास नीति २०७८ तथा दिर्घकालिन कृषि योजनाको सोच एवम उद्देश्य अनुरुप आफ्नै घरमा जन्मेका पाडी हुर्काई सोहि घरमानै पहिलो बेत ब्याएका भैंसीहरुलाई सुत्केरी भत्ता उपलब्ध गराई पाडी तथा को रलीको स्याहार-सुसारमा गुणस्तरीयताप्रदान गरेर स्वस्थ पशु उत्पादनगर्नुका साथै तिनीहरुको उत्पादन वृद्धि गर्ने उदेश्यलेस्थानीय सरकार सञ्चालन ऐन २०७४ ले दिएको अधिकार अनुरुप मालिका गाउँपालिकाले "**<u>पहिलो बेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यविधि२०८०</u>**" जारी गरेको छ ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

**१. संक्षिप्त नाम र प्रारम्भः**

यो कार्यविधिको नाम **"पहिलो बेत व्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यविधि २०८०"**रहेकोछ।

२ .**प्रारम्भिकः** यो कार्यविधि मालिका गाउँकार्यपालिकाको बैठकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क)"कार्यविधि" भन्नाले "पहिलो बेत व्याउने भैसिलाई सुत्केरी भत्ता वितरण कार्यविधि, २०८०" सम्झनु पर्दछ ।

ख)"गाउँपालिका" भन्नाले मालिका गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ग)"कार्यक्रम" भन्नाले पहिलो बेत ब्याउने भैसिलाई सुत्केरी भत्ता वितरण कार्यक्रम सम्झनु पर्दछ ।

घ)"समिति" भन्नाले दफा७ को उपदफा १ बमोजिम गठित समितिलाई जनाउने छ ।

ङ)"शाखा" भन्नाले मालिका गाउँपालिकाको पशु सेवा शाखा सम्झनु पर्दछ ।

च) "सेवा केन्द्र" भन्नाले मालिका गाउँपालिकाका वडा कार्यालयहरुमा रहेका पशु सम्बन्धी कार्य गर्ने केन्द्र सम्झनु पर्दछ ।

छ) "कृषक" भन्नाले मालिका गाउँपालिकामा रहेका पशु पालन गर्ने कृषक सम्झनु पर्दछ ।

ज) "पहिलो बेत व्याउने भैसि" भन्नाले कृषकहरुको घरमानै जन्मि सोहीकृषकको घरमा पहिलोवेत व्याएको भैंसी सम्झनु पर्दछ ।

झ)"सुत्केरी भत्ता" भन्नाले मालिका गाउंपालिकाको कार्यालयले सुत्केरी भैंसी स्याहारका लागि उपलब्ध गराएको अनुदान रकम सम्झनु पर्दछ ।

## परिच्छेद २

## कार्यक्रमको उद्देश्य र सञ्चालन क्षेत्र

४)**कार्यक्रमको उद्देश्यः** यस कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) पाडीहरुलाई बध तथा बिकि गर्नबाट जोगाई पहिलो बेत व्याएका भैंसीहरुबाट अत्याधिकलाभ लिन कृषकहरुलाई प्रोत्साहन गर्ने ।

ख)उत्पादनशिल पाडीहरुको संरक्षण गरि दुधालु भैंसीको उपलब्धता बढ़ाई दूध उत्पादन वृद्धि गरि आयात कम गर्ने ।

ग) जन्मेका पाडीहरुलाई उचित संरक्षण एवं पालन गर्न भैंसीपालक कृषकहरुमा जनचेतना फैलाउने ।

**५.कार्यक्रम सञ्चालन हुने क्षेत्रः** यो कार्यक्रम मालिका गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा सञ्चालन हुनेछ।

# परिच्छेद-३

## कृषक छनौटका आधारहरु

**६.पहिलो वेत ब्याउने भैंसीलाई दिईने सुत्केरी भत्ता वितरणका लागि कृषक छनौटका आधारहरुः**

क)कृषकको घरमै जन्मेको भैंसीको पाडी पहिलो वेत घरमै ब्याएको हुनुपर्नेछ।

ख) घरको लालपुर्जाको प्रतिलिपी।

ग) अनुसुची-१ बमोजिमको निवेदन।

घ) सम्बन्धित वडाको सिफारिस।

ङ) कृषकको नागरिताको प्रतिलिपी।

च) सुत्केरी भैंसी संगै सम्बन्धित किसानको प्रस्ट देखिने प्रिन्ट फोटो।

छ) अनुसूची- ३ बमोजिम कम्तिमातीन जना साँची बस्ने छिमेकीको सर्जमिन मुचुल्का।

**७. कार्यक्रम संचालनका लागि कृषक छनौट समितिको गठनः**

१. यस कार्यक्रम सन्चालन, अनुगमन, समन्वय, सुझाव तथा सहयोग र नियन्त्रण गर्ने तथा सुत्केरी भत्तावितरण गर्ने देहाय अनुसारको ७ सदस्यीय संचालक समिति रहने छ ।

क. गाउँपालिकाका उपाध्यक्ष- अध्यक्ष

ख. प्रमुख प्रशासकिय अधिकृत - सदस्य

ग. वडा अध्यक्षहरु मध्येबाट बढीमा ३ जना - सदस्य

घ. सुचना अधिकृत - सदस्य

ङ.पशु सेवा शाखा प्रमुख - सदस्य सचिव

**८.दफा७ को उपदफा १ बमोजिम गठित कार्यक्रम संचालक समितिको काम,कतव्य र अधिकारः**

क. सुचना अनुसार पेश हुन आएका निवेदनहरुको सुची तयार गर्ने ।

ख. उक्त निवेदन उपर अनुगमन तथा मुल्याङ्कन गर्ने।

ग.रित पुगेका कृषकहरु छनौट गरी सुत्केरी भत्ता उपलब्ध गराउने ।

घ. छनौट भएका कृषकको अभिलेख राख्ने।

ङ. यस कार्यक्रमबाट लाभान्वित कृषकहरुलाई बिमाको लागि पहल गर्ने गराउने ।

**९. कार्यक्रम संचालन प्रक्रिया र न्युनतम मापदण्ड**

१. मालिका गाउँपालिकाले सार्वजनिक सूचना आह्वान गर्नेछ।

२.कृषकले अनुसूची-१ बमोजिमको निवेदन, अनुसूची-३ बमोजिमको साँची बस्ने छिमेकीसहितको प्रतिवेदन र सूचनामा माग गरिएको कागजातको मापदण्ड पुरा गरी सम्बन्धित वडा कार्यालयमा पेश गर्नुपर्नेछ।

३. वडा कार्यालयमा प्राप्त भएका प्रत्येक माहिनाको जम्मा निवेदनसम्बन्धित वडाले उक्त महिना भित्र गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ।

४. यसरी आएकार निवेदन उपर यस कार्यक्रम संचालनका लागिदफा ६को  उपदफा १ बमोजिम गठित छनौट समितिले अनुगमन गरि रित पुगेका कृषकहरुमध्येबाट लामो समय सम्म यस कार्यालय  वा नेपाल सकारका अन्य कार्यालयबाट कुनैपनि अनुदान नपाएका कृषकहरुलाई छनौट गर्ने छ ।

५.छनौट भएका कृषकलाई अनुसूची-२ बमोजिमको भरपाई राखि कार्यविधि बमोजिमको भत्ता उपलब्ध गराईनेछ।

६. यसरी छनोट भएका कृषकहरुले अनुदान प्राप्त गरेपश्चात अनिवार्य बिमा गर्नुपर्नेछ।

७. समितिले स्थलगत अनुगमन गर्न सक्नेछ।

८. छनौट भएका कृषकहरुमा अनुगमन गर्दा कुनै गलत तरिका वा यस नियम विपरित निवेदन पेश भएको हुन आएमा समितिको निर्णय अनुसार कारबाहि हुनेछ।

**१०. भत्ता उपलब्ध गर्ने प्रक्रियामा आउने जटिलता सम्बन्धि व्यवस्थाः**यस कार्यक्रम बमोजिमको सेवा सञ्चालन गर्ने प्रकृयामा केहि जटिलता आए दफा७ को उपदफा १ बमोजिम गठित कार्यक्रम संचालक समितिले सहजकताको लागि निर्णय गर्नेछ।

**११. भैंसीलाई सुत्केरी भत्ताः** तपशिल बमोजिमको भत्ता उपलब्ध गराईनेछ।

| क्र.स. | कार्यक्रमको विवरण | इकाई | रु |
|---|---|---|---|
| १. | पहिलो बेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यक्रम | प्रति सुत्केरी पशु | २३५३/- |

**१२.भुक्तानी प्रक्रयाः**मापदण्ड पुरा भई आएका स्विकृत निवेदन पशु सेवा शाखाको सिफारिसमा अनुसूची-२ बमोजिमको भरपाई राखि भुक्तानी गरिनेछ।

# अनुसूची-१

## निवेदन

मितिः.....................................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मालिका गाउँपालिकाको कार्यालय,
अर्खवाङ्ग,गुल्मी।
विषयः सुत्केरी भत्ता पाउँ।

उपरोक्त सम्बन्धमा मालिका गाउँपालिकाको आ.व. २०८०/०८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वितरण कार्यक्रम रहेकाले मेरो भैंसी मेरो आफ्नै घरमा जन्म भई पहिलो वेत मेरो आफ्नै घरमा मितिः..............साल..................महिना.........गते सुत्केरी भएकाले भैंसी सुत्केरी भत्ताको लागि यसै निवेदनका साथ तपशिल बमोजिमका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

**तपशिलः**

| **क्र.स.** | **कागजातको विवरण** | **भएको** | **नभएको** |
|---|---|---|---|
| १ | वडा कार्यालयको सिफरिस पत्र | | |
| २ | घरको लालपुर्जाको प्रतिलिपि | | |
| ३ | नागरिकता प्रमाणपत्रको प्रतिलिपि | | |
| ४ | कृषक सहित सुत्केरी भैंसीको फोटो | | |
| ५ | साँची बस्ने छिमेकीको सर्जमिन मुचुल्का | | |

**निवेदक**

कृषकको नामः...........................................

कृषकको ठेगानाः.......................................

सम्पर्क न...................................................

हस्ताक्षरः..................................................

# अनुसूची-२

## <u>भत्ता बुझिलिएको भरपाईको ढाँचा</u>

लिखितम भरपाई दादै मालिका गाउँपालिकाको वार्षिक स्विकृत कार्यक्रम बमोजिम पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता वापतको अनुदान रकम रू ............../- (अक्षरूपी रू ..............................रुपैंया मात्र।) म मालिका गाउँपालिका वडा न......

बस्ने श्री....................................... ले मालिका गाउँपालिका कार्यालय अर्खवाङ्ग, गुल्मीका................................ श्री .................................... बाट सुत्केरी भैंसी भत्ता वापतको एकमुष्ट रकम नगदै बुझिलिई यो भरपाई गरिदिए।

व्यहोरा साँचो हो झुठो ठहरिए सहुँला बुझाउँला ।

ईतिसम्बत् २०८० साल..............महिना ...........गते रोज.......... शुभम।

<u>बुझाउनेबुझिलिने</u>

हस्ताक्षरः हस्ताक्षरः

नामः नामः

पदः ठेगानाः

मितिः

| दायाँ | वायाँ |
|---|---|
| | |

अनुसूची-३

## साँची बस्ने छिमेकीको सर्जमिन मुचुल्का

लिखितम् हामीतपशिलकामानिसहरु आगे गुल्मी जिल्ला मालिका गाउँपालिका वडा नं......बस्ने............................लेमालिका गाउँपालिकाले सञ्चालन गरेको "पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता " कार्यक्रम अन्तर्गत भैसीलाई सुत्केरी भत्ता पाउँ भनी.......... न.वडाकार्यालयमानिवेदनदिनु भएको र सो निवेदनको सम्बन्धमाहामीलेनिवेदकको निवेदनको व्यहोरापढी वा सुनी यसमानिजनिवेदकको निवेदनमागबमोजिमनिजकोभैंसी निजको घरमै जन्मिएको र पहिलो पटक सुत्केरी निजको घरमै भएकोमा निजनिवेदकलाई सुत्केरी भैंसी भत्ताको लागि सिफारिस गर्न मानसिव देखिन्छ I सत्य, तथ्य, यथार्थ व्यहोरा पछि सम्मपनि फरक नपर्ने गरी लेखि लेखाई दिनु होस्भनी सोधनीहुँदा हाम्रो चित्तबुझ्यो । यसमामाथिउल्लेख भएबमोजिमकोगुल्मी जिल्ला मालिका गाउँपालिकावडा नं....... बस्ने निजनिवेदकको भैंसी निजको घरमै जन्मिएको र पहिलो पटक सुत्केरी निजको घरमै भएको साथै निजलेहाल सम्म नेपाल सरकार वा मालिका गाउँपालिकाबाट कुनैपनि अनुदान प्राप्त नगरेकोमा निजलाई सुत्केरी भैंसी भत्ताको लागि सिफारिस गरिदिए हुन्छ, फरक पर्दैन भनीहामीहरुको मनोमानी राजीखुशीले यो सर्जमिनमुचुल्काको कागज लेखि लेखाई सहिछाप गरि डोर कर्मचारी हस्ते वडा नं. ... कोवडा कार्यालयमा चढायौं ।

यसमा लेखिएको सम्पुर्ण व्यहोरा ठिक छ, फरक छैन, फरक वा झुठ्ठा ठहरे प्रचलितकानुन्बमोजिमसहुँलाबुझाउँलाभनी सहि गर्ने-**हस्ताक्षर**

गुल्मी जिल्ला मालिका गा.पा वडा नं.......बस्ने.........वर्षको................................१........

गुल्मी जिल्ला मालिका गा.पा वडा नं.......बस्ने.........वर्षको................................१........

गुल्मी जिल्ला मालिका गा.पा वडा नं.......बस्ने.........वर्षको................................१.......

**रोहवरमाः**

१) यो सर्जमिनमुचुल्का मेरो रोहवरमाभएको हो भनी सहि गर्ने सम्बन्धितनिवेदक श्री................................................१

**कामतामेल गर्नेः**श्री............................................................पदः.......................

मालिका गाउँपालिकावडा नं. ......को वडा कार्यालय................,गुल्मी ।

**ईति सम्वत्.........साल.........महिना** ......... **गते** .......... **रोज शुभम्**..............

# अनुसूची-४

## स्थलगत अनुगमन प्रतिवेदन

मितिः......................

उपरोक्त सम्बन्धमा मालिका गाउँपालिकाको आ.व २०८०/०८१ को वार्षिक स्विकृत कार्यक्रम अनुसार पहिलो वेत ब्याउने भैंसीलाई सुत्केरी भत्ता कार्यक्रम अन्तर्गत .............................ले भत्ता माग गरी निवेदन पेश गरेको हुँदा म ................................................ मिति.............................गतेका दिन निवेदकको गोठमा स्थलगत अनुगमन गरी निजले पेश गरेको कागजात अनुसारको विवरण सही भएकाले\नभएकाले प्रमाणित गरी\नगरी भुक्तानी दिएको\नदिएको व्यहोरा जनाउँदछु।

नामः

पदः

हस्ताक्षरः

**आज्ञाले,**

विकास खनाल

प्रमुख प्रशासकीय अधिकृत